**Deprosc Laghubitta Bittiya Sanstha Limited**

Bharatpur, Chitwan
Phone. 056527900, Fax 056523056

**Unaudited Financial Result (Quarterly)**

As at 2nd Quarter (2077/09/29) of Fiscal Year 2077/078

| S.N. | Particulars | This Quarter Ending (Poush end 2077) | Previous Quarter Ending (Aswin end 2077) | Corresponding Previous Year Quarter Ending (Poush end 2076) |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities** | **15,259,581,237.83** | **13,815,003,755.83** | **14,404,701,255.66** |
| 1.1 | Paid-up Capital | 1,005,433,574.51 | 1,005,433,574.51 | 1,005,433,574.51 |
| 1.2 | Reserve & Surplus | 1,203,053,792.29 | 1,083,717,263.59 | 808,998,796.74 |
| 1.3 | Debenture & Bond | - | - | - |
| 1.4 | Borrowings | 6,828,521,806.39 | 5,980,311,245.06 | 7,363,779,469.56 |
| **1.5** | **Deposit** | **5,785,210,654.82** | **5,253,688,083.98** | **4,575,594,828.45** |
| 1.5.1 | Group | 5,785,210,654.82 | 5,253,688,083.98 | 4,575,594,828.45 |
| 1.5.2 | General Public | - | - | - |
| 1.6 | Income Tax Liabilities | 40,466,844.30 | 102,881,268.41 | 105,820,767.38 |
| 1.7 | Other Liabilities | 396,894,565.52 | 388,972,320.28 | 545,073,819.02 |
| **2** | **Total Assets** | **15,259,581,237.83** | **13,815,003,755.83** | **14,404,701,255.66** |
| 2.1 | Cash & Bank Balance | 864,890,127.35 | 496,934,333.73 | 1,032,844,290.80 |
| 2.2 | Money at Call & Short Notice | 101,925,742.90 | 54,025,549.20 | 672,643,799.39 |
| 2.3 | Investments | 2,010,000.00 | 2,010,000.00 | 2,010,000.00 |
| 2.4 | Loans & Advances | 13,842,499,868.69 | 12,844,084,781.53 | 12,140,570,941.43 |
| 2.5 | Fixed Assets | 37,833,702.82 | 39,951,059.80 | 43,116,828.55 |
| 2.6 | Non-banking Assets | - | - | - |
| 2.7 | Other Assets | 410,421,796.07 | 377,998,031.57 | 513,515,395.49 |
| **3** | **Profit & Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Quarter Ending** |
| 3.1 | Interest Income | 1,032,407,505.22 | 564,431,346.63 | 1,099,348,548.39 |
| 3.2 | Interest Expense | 370,916,243.81 | 200,925,845.08 | 556,438,634.41 |
| | **A.Net Interest Income** | **661,491,261.41** | **363,505,501.55** | **542,909,913.98** |
| 3.3 | Fees, Commission & Discount | | - | - |
| 3.4 | Other Operating Income | 100,975,996.46 | 51,190,889.83 | 125,317,326.70 |
| | **B. Total Operating Income** | **762,467,257.87** | **414,696,391.38** | **668,227,240.68** |
| 3.6 | Staff Expenses | 225,881,971.17 | 128,404,696.58 | 183,894,549.10 |
| 3.7 | Other Operating Expenses | 57,793,096.48 | 22,833,795.87 | 43,971,052.05 |
| | **C. Operating Profit Before Provision** | **478,792,190.22** | **263,457,898.93** | **440,361,639.53** |
| 3.8 | Provision for Possible Loss | 1,403,955,695.31 | 1,372,614,704.67 | 144,105,759.55 |
| | **D. Operating Profit** | **(925,163,505.09)** | **(1,109,156,805.74)** | **296,255,879.98** |
| 3.9 | Non-operating Income/(expenses) | (13,248,994.72) | (5,571,733.99) | (11,148,446.38) |
| 3.10 | Write Back of Provision for Possible Loss | 1,452,679,744.52 | 1,429,156,862.79 | 102,972,324.35 |
| | **E. Profit From Regular Activities** | **514,267,244.71** | **314,428,323.06** | **388,079,757.95** |
| 3.11 | Extra Ordinary Income/Expenses (Net) | 21,547.63 | 5,754.50 | (70,277.54) |
| | **F. Profit Before Bonus & Taxes** | **514,288,792.34** | **314,434,077.56** | **388,009,480.41** |
| 3.12 | Provision for Staff Bonus | 51,428,879.23 | 31,443,407.76 | 35,273,589.13 |
| 3.13 | Provision for Tax | 138,857,973.93 | 84,897,200.94 | 105,820,767.38 |
| | **G.Net Profit/Loss** | **324,001,939.18** | **198,093,468.86** | **246,915,123.90** |
| **4** | **Ratios** | **At the End of This Quarter** | **At the end of Previous Quarter** | **At the end of Previous Corresponding Quarter** |
| 4.1 | Capital Fund to RWA | 14.26 | 14.36 | 12.26 |
| 4.2 | Non-Performing Loan to Total Loan | 0.62 | 0.65 | 1.73 |
| 4.3 | Total Loan Loss Provision to NPL | 253.35 | 252.22 | 80.60 |
| 4.4 | Cost of Funds | 6.58 | 7.47 | 9.88 |
| 4.5 | Deposit to Credit Ratio | 41.14 | 40.24 | 37.16 |

Note: The above financial statement is subject to change from Statutory Audit & Supervisory Authority.

**Interest Rate**

*Against Member Savings - 6% to 9.25 %* *Against Loan & Advances- 8 % to 15 %*

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उप विनियम (१) सँग सम्बन्धित अनुसूची १४ बमोजिमको डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.व. २०७७/०७८ को दोस्रो त्रैमासिक विवरणः**

**१. प्रमुख वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान हिसाब सम्बन्धी विवरणः**

यस वित्तीय संस्थाको वासलात, नाफा–नोक्सान सम्बन्धी विवरण यसैसाथ प्रकाशित गरिएको छ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू गत आ.व. को सोही अवधिको तुलनामा निम्न बमोजिम रहेको छ ।**

| प्रति शेयर आम्दानी रू. | प्रति शेयर बजार मूल्य रू. | मुल्य आम्दानी अनुपात (गुणा) | प्रति शेयर खुद किताबी मुल्य रू. | प्रति शेयर कूल सम्पत्तिको मुल्य रू. | तरलता अनुपात प्रतिशत |
|---|---|---|---|---|---|
| ६४.४५ | १,४८०.०० | २२.९६ | २१९.६६ | १,५१७.७१ | ७.६६ |

**२. व्यवस्थापकीय विश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः**

वित्तीय संस्थाको कार्यक्रम कोरोनाको प्रतिकुल प्रभावको वावजुद संतोषजनक रूपमा चलिरहेको छ । संस्थाको तरलतामा गत त्रैमासको तुलनामा यस त्रैमासमा उल्लेख्य वृद्धि भएको छ । गत आ.व. को सोही अवधिको खुद मुनाफाको तुलनामा समीक्षा अवधिको खुद मुनाफामा ३१.२२ प्रतिशतले वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकको निर्देशनको अनुरूप यस अवधिमा कर्जाको ब्याजदरमा आएको ३ प्रतिशतको संकुचनले ब्याज आम्दानीमा ६.०९ प्रतिशतले कमी आएता पनि खुद ब्याज आम्दानीमा २१.८४ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा निष्कृय कर्जा ०.६५ प्रतिशतबाट ०.६२ प्रतिशतमा भार्न सकिएको अवस्था छ । वित्तीय संस्थाले सुरक्षाका उपायहरू अवलम्बन गर्दै आफ्ना अधिकांश कार्यालयहरू सुचारू गरी सदस्यहरूसँग कारोवार गरिरहेको छ । साथै, यस संस्थाले २०७५ माघ १ गते पश्चात् लगानी गरिएका सवै कर्जाहरूको कर्जा सुरक्षण कोषबाट सुरक्षण गर्दै आएको छ । जसबाट लगानीमा रहेको बाँकी साँवामध्ये यस त्रयमासको अन्त्यमा करिव रू ११.१५ अर्व कर्जा सुरक्षण गरिएको र उक्त सुरक्षणमा कुनै पनि कारणले भाखा नाघेको कर्जा समेत समावेश गरिएको छ ।

**ख. आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**

सञ्चालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरूलाई प्राप्ति तथा मर्जर गरी संस्थाको कार्यक्षेत्र र कार्यक्रमलाई विस्तार गर्ने संस्थाको नीति बमोजिम समीक्षा अवधिमा नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति गर्ने प्रारम्भिक सहमति भएको छ । वित्तीय श्रोतमा आत्मनिर्भरता बढाउन सदस्यहरूबाट वचत परिचालन गर्ने नीतिलाई अझ बढी प्रभावकारी बनाईनेछ। सदस्यहरूलाई क्रमशः Tablet Banking मार्फत सेवा दिने उद्देश्य अनुरूप सेवाको शुरूवात गरिएको छ । आन्तरिक तथा बाह्य श्रोतहरूको परिचालन तथा सहकार्यमा यस संस्थासँग आबद्ध सदस्यहरूको जीवनस्तर उकास्ने उद्देश्यले विशेष समुह र समुदाय लक्षित कार्यक्रमहरू संचालन गरिने छ भने कर्मचारीहरूको संस्थाप्रति अपनत्व अभिवृद्धि गर्न वृत्ति विकासका बिभिन्न कार्यहरू गरिनेछ ।

चालु आ.व. को यस त्रैमासको अन्त्य सम्ममा वित्तीय संस्थाले हासिल गरेको प्रगति निम्नानुसार रहेको छ ।

| विवरण | गत आ.व. (०७६/०७७) | चालु आ.व. (२०७७/०७८) | |
|---|---|---|---|
| | आषाढ मसान्त | पौष मसान्त | प्रगति प्रतिशत |
| कुल सदस्य संख्या | २१०,५०१ | २१५,५३७ | २.३९ |
| बाँकी साँवा (रू.हजारमा) | ११,८२२,९२५ | १४,०६२,७४६ | १८.९४ |
| कुल बचत (रू.हजारमा) | ४,९३५,१६७ | ५,७८५,२११ | १७.२२ |

**ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक बिवरण :**

तरलताको सरल उपलब्धताको कारण कोषको लागत दर हाल अनुकूल रहेको छ । पछिल्लो समयमा एकै कार्यक्षेत्रमा बहुसंख्यक लघुवित्त सेवा प्रदायकहरूको उपस्थितिले सदस्यहरू बिच कर्जाको दोहोरोपना बढ्न गई कार्यक्रमको गुणस्तरमा दिनानुदिन ह्रास आउने कारणहरूले संस्थालाई असर पार्न सक्छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

समीक्षा अवधिमा संस्थाले कसै बिरूद्ध मुद्धा दायर गरेको छैन र संस्था बिरूद्ध पनि कसैले मुद्धा दायर गरेको जानकारी प्राप्त गरेको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण :**

*क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा :*

यस वित्तीय संस्थाको धितोपत्र बजारको हालको अवस्थामा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

**ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः**

यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन र कारोवार संख्या निम्न बमोजिम छ । *(नेपाल स्टक एक्सचेन्जको वेबसाईटमा आधारित)*

| अधिकतम मूल्य रू. : | न्युनतम मूल्य रू : | अन्तिम मूल्य रू. : | कारोवार भएको कुल दिन | कारोवार संख्या | शेयर संख्या |
|---|---|---|---|---|---|
| १,५४१.०० | ८४०.०० | १,४८०.०० | ५८ | २१,०८३ | २,३६८,१९७ |

**५. समस्या तथा चुनौती :**

**क.** कोरोना महामारीले लघुवित्त क्षेत्रमा पार्ने दिर्घकालीन प्रभाव,

**ख.** संख्यात्मक रूपमा वृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तारसँगै बढ्ने सदस्यहरूको दोहोरोपना,

**ग.** नियमनकारी निकायबाट हुन सक्ने नीतिगत परिवर्तनको कारण सिर्जना हुन सक्ने समस्या,

**घ.** दक्ष जनशक्तिको अभाव तथा कर्मचारीहरूबाट सेवाको परित्याग,

**ङ.** भौतिक पुर्वाधारको अभाव,

**च.** अप्रत्यासित रूपमा सृजना हुनसक्ने प्रतिकूल अवस्था, आदि।

## ६. संस्थागत सुशासनः

संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति कर्मचारी सेवा सुबिधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति, कर्मचारी पदपुर्ति समिति, कर्जा असुली इकाई लगायत विभिन्न आन्तरिक समिति तथा उप-समितिहरू मार्फत व्यावसायिक योजना तथा कार्यक्रमको तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने, सम्पादन गरिएका कार्यहरूको मुल्यांकन गर्ने र सोको समीक्षाको आधारमा उपयुक्त रणनीति अवलम्वन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी गरिएको निर्देशनहरूको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानुनको अनुपालना गरिनुका साथै आवश्यकता अनुसार संस्थाको कार्यक्रमलाई सबल र सक्षम बनाउन आवश्यक नीति नियमहरू बनाई लागू गरिएको छ ।

## ७. सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धताको सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण हुनुका साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।